# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, वैशाख ५ गते, २०७९ साल (अतिरिक्ताङ्क ०४

**भाग १**

**गण्डकी प्रदेश सरकार**

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको ऐन नं.०४

## गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको ऐन

**प्रस्तावना:** नेपालको संविधान बमोजिम गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा त्यस्ता इकाईहरू बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधान गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ख) "प्रदेश विषयगत समिति" भन्नाले दफा ७ बमोजिमको प्रदेश विषयगत समिति सम्झनु पर्छ।

(ग) "प्रदेश सभा" भन्नाले नेपालको संविधानको धारा १७५ बमोजिमको गण्डकी प्रदेश सभा सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "विवाद" भन्नाले दफा ११ बमोजिमको राजनीतिक विवाद सम्झनु पर्छ।

(च) "विशेष समिति" भन्नाले दफा १२ बमोजिम गठन हुने विशेष समिति सम्झनु पर्छ।

(छ) "संघीय ऐन" भन्नाले संघीय संसदले बनाएको संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(झ) "सभामुख" भन्नाले गण्डकी प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ञ) “स्थानीय तह” भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ।

परिच्छेद-२

## प्रदेश तथा स्थानीय तहबीचको समन्वय

३. **समन्वय कायम गर्नुपर्ने:** (१) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो कार्यक्षेत्रको कार्य सम्पादन गर्दा सङ्घीय संरचनाको मर्म बमोजिम एक आपसमा समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा र दोहोरो नपर्ने गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) को सर्वसामन्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी प्रदेश र स्थानीय तहले अन्य कुराका अतिरिक्त देहायका विषयमा समन्वय कायम गरी कार्य सम्पादन गर्नु पर्नेछः-

(क) संविधान बमोजिम प्रदेश र स्थानीय तहले प्रयोग गर्ने साझा अधिकारक्षेत्रको प्रयोग,

(ख) दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमा सम्बन्धी विषय,

(ग) आवधिक योजना व्यवस्थापन वा कार्यान्वयनमा रणनीतिक साझेदारी,

(घ) नीतिगत रूपमा सामञ्जस्यता कायम गर्नुपर्ने काम कारबाही,

(ङ) प्राकृतिक स्रोतको उपयोग र त्यसको लाभको बाँडफाँड,

(च) स्थानीय तहको सेवाको पद स्थायी रूपमा पूर्ति गर्ने विषय,

(छ) कृषि उत्पादनको बजारीकरण तथा बजार सञ्चालन,

(ज) शिक्षा वा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित नीतिगत रूपमा समन्वय गर्नुपर्ने विषय,

(झ) दफा ४ बमोजिमको आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय।

(३) प्रदेश सरकार र स्थानीय तहले वार्षिक बजेट तथा योजना कार्यान्वयन सम्बन्धी विषयमा एक अर्कामा सूचनाको आदान प्रदान गर्नु पर्नेछ।

४. **<u>आयोजना कार्यान्वयनमा समन्वयः</u>** (१) प्रदेश वा स्थानीय तहबाट आफ्नो कार्यक्षेत्र अन्तर्गतका विषयमा कुनै आयोजना कार्यान्वयन गर्दा दोहोरो नपर्ने गरी एक अर्कासँग समन्वय गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रदेशले कुनै आयोजना तर्जुमा वा कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहसँग र स्थानीय तहले प्रदेश सरकारको पूर्ण वा आंशिक अनुदानमा कुनै आयोजना तर्जुमा वा कार्यान्वयन गर्दा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा निकायसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

५. **<u>स्थानीय तहबीचको समन्वयः</u>** (१) स्थानीय तहहरूले सामुहिक वा आपसी सरोकारका विषयमा आपसी समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा कार्य सम्पादन गर्नु पर्नेछ।

(२) दुई वा दुईभन्दा बढी स्थानीय तहहरूले आपसमा समन्वय र सहकार्य गरी दुई वा दुईभन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने गरी संयुक्त रूपमा कुनै आयोजनाको तर्जुमा, विकास, कार्यान्वयन र सञ्चालन गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम आयोजना तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्दा स्थानीय तहले आयोजनाको लागत तथा त्यसबाट प्राप्त हुने लाभको बाँडफाँडमा एक-अर्कामा समन्वय गर्नेछन्।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले उपदफा (१) वा (२) को विषयमा सम्बन्धित स्थानीय तहको अनुरोधमा आवश्यक समन्वय गर्न सक्नेछ।

६. **<u>समन्वय सम्बन्धी कार्यविधिः</u>** (१) यस परिच्छेद बमोजिम प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्दा प्रदेशको हकमा प्रदेश सरकारको सम्बन्धित

मन्त्रालयले सम्बन्धित स्थानीय तहमा र स्थानीय तहको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयमा पत्राचार गरी समन्वयको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पत्राचार गर्दा जुन विषयमा समन्वय गर्नु पर्ने हो सोही विषयको विवरण पठाउनु पर्नेछ।

परिच्छेद-३

**प्रदेश विषयगत समिति**

७. **प्रदेश विषयगत समितिः** (१) प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीच समन्वय कायम गरी नीति, योजना वा आयोजना कार्यान्वयन र विकास तथा निर्माणको काममा प्रभावकारिता ल्याउन देहाय बमोजिमको एक प्रदेश विषयगत समिति रहनेछः-

(क) प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्रको जिम्मेवारी रहेको मन्त्री -अध्यक्ष

(ख) प्रदेश सभाको सम्बन्धित विषयगत समितिको सभापति -सदस्य

(ग) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखमध्ये समितिको अध्यक्षले तोकेको एकजना -सदस्य

(घ) प्रदेशभित्रका नगर कार्यपालिकाका प्रमुखमध्ये समितिको अध्यक्षले तोकेको एकजना -सदस्य

(ङ) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्षमध्ये समितिको अध्यक्षले तोकेको एकजना -सदस्य

(च) प्रदेशभित्रका जिल्ला समन्वय समितिका उपप्रमुख, नगरपालिकाका उपप्रमुख तथा गाउँपालिकाका उपाध्यक्षमध्ये समितिको अध्यक्षले तोकेका एक-एक जना गरी तीन जना -सदस्य

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्य तोक्दा समावेशी सिद्धान्तको आधारमा फरक फरक दलको प्रतिनिधित्व हुने गरी तोक्नु पर्नेछ।

(३) प्रदेश विषयगत समितिको बैठक कम्तिमा वर्षको दुई पटक बस्नेछ।

(४) प्रदेश विषयगत समितिको बैठकको मिति, समय, स्थान तथा छलफलको सूची समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

(५) प्रदेश विषयगत समितिको अध्यक्ष सहित कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) प्रदेश विषयगत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(७) प्रदेश विषयगत समितिले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहको पदाधिकारी, विषय विज्ञ तथा सरोकारवाला निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) प्रदेश विषयगत समितिको सचिवालय प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा रहनेछ।

(९) अध्यक्षले तोकेको प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको कम्तीमा अधिकृत नवौं तह वा सो सरहको कर्मचारीले प्रदेश विषयगत समितिको सचिवको रूपमा काम गर्नेछ।

(१०) प्रदेश विषयगत समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. **प्रदेश विषयगत समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा उल्लेख भएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा सम्बन्धित स्थानीय तहसँग परामर्श गर्ने,

(ख) क्षेत्रगत योजना, नीति, आयोजना तथा कार्यक्रममा एकरूपता, निरन्तरता तथा गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति, आयोजना तथा रणनीतिहरूको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद् वा विषयगत समितिका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने।

**स्पष्टीकरणः** यस परिच्छेदको प्रयोजनको लागि "राष्ट्रिय समन्वय परिषद्", "प्रदेश समन्वय परिषद्" वा "विषयगत समिति" भन्नाले संघीय ऐन बमोजिम व्यवस्था भएका "राष्ट्रिय समन्वय परिषद्", "प्रदेश समन्वय परिषद्" वा "विषयगत समिति" सम्झनु पर्छ।

(२) प्रदेश विषयगत समितिले कुनै विषय प्रदेश समन्वय परिषद्मा छलफल हुन उपयुक्त देखेमा त्यस्तो विषय छलफलका लागि सो परिषद् समक्ष पेश गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश समन्वय परिषद्मा पेश भएको विषयमा सो समितिले कुनै निर्णय गरेमा वा निर्देशन दिएमा प्रदेश विषयगत समितिले सोको कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

९. **प्रतिवेदनः** (१) यस ऐन बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रदेश विषयगत समितिले प्रत्येक वर्षको श्रावण मसान्तभित्र प्रदेश सरकारमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभासमक्ष पेश गर्नेछ।

परिच्छेद-४

## विवाद समाधान

१०. **विवाद नआउने गरी कार्य सम्पादन गर्नु पर्ने:** प्रदेश सरकार वा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयको कार्य सम्पादन गर्दा एक अर्काको अधिकारक्षेत्रमा हस्तक्षेप नहुने र विवाद नआउने गरी सम्पादन गर्नु पर्नेछ।

११. **राजनीतिक विवाद भएमा सूचना दिनुपर्ने:** (१) प्रदेश र कुनै स्थानीय तहबीच वा स्थानीय तहहरूबीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पैंतालीस दिनभित्र प्रदेश र स्थानीय तहले वा सम्बन्धित स्थानीय तहहरूले आपसी परामर्श वा सहमतिबाट त्यस्तो विवाद समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र विवाद समाधान हुन नसकेमा सो अवधि व्यतित भएको पन्ध्र दिनभित्र विवादको कुनै पक्षले प्रदेश सभा सचिवालयमा विवादको विवरण र त्यस सम्बन्धी लिखित सूचना दिनु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि “राजनीतिक विवाद” भन्नाले कुनै अदालतमा विचाराधीन रहेको विषय, अदालतबाट निरुपण गर्नु पर्ने विषय वा संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (क) बमोजिम संवैधानिक इजलासको अधिकारक्षेत्र अन्तर्गत पर्ने विषय बाहेक प्रदेश वा स्थानीय तहबीच उत्पन्न अन्य विवाद सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम सूचना दिँदा प्रदेश सरकारले भए प्रदेश सरकार, मन्त्रिपरिषद्को र स्थानीय तहले भए सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम दिनु पर्नेछ र त्यसलाई पुष्टी गर्ने निर्णयको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सूचना प्राप्त भएको व्यहोरा प्रदेश सभा सचिवालयले सभामुखलाई जानकारी गराउनेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भएपछि सभामुखले त्यस्तो विवाद राजनीतिक विवाद भए वा नभएको निर्णय गर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) वा (३) बमोजिम रित नपुगेको सूचना उपर कारबाही हुन सक्ने छैन।

१२. **विशेष समिति गठन गर्ने:** दफा ११ को उपदफा (५) बमोजिम सभामुखले राजनीतिक विवाद भएको निर्णय गरेमा त्यस्तो विवाद समाधानको लागि सभामुखले आवश्यक कार्यदिशको प्रस्ताव सहित विवाद समाधानका लागि प्रदेश सभाका सदस्यहरूमध्येबाट सात सदस्यीय एक विशेष समिति गठन गर्न सभामा प्रस्ताव पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव सभाबाट पारित भएमा विवाद समाधान सम्बन्धी विशेष समिति गठन हुनेछ।

(३) उपदफा (२) बमोजिम विशेष समिति गठन गर्दा सम्भव भएसम्म सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

तर विवादका पक्ष रहेका स्थानीय तह रहेको निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य सो समितिमा रहन सक्ने छैन।

(४) उपदफा (२) बमोजिमका सदस्यहरूले आफू मध्येबाट एक जना सदस्यलाई समितिको सभापति छनौट गर्नेछन् ।

(५) कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा विशेष समितिको बैठकका लागि गणपूरक सङ्ख्या पूरा भएको मानिनेछ।

(६) विशेष समितिको बैठकमा आवश्यकता अनुसार प्रदेश सरकारका सम्बन्धित मन्त्री, प्रदेश मन्त्रालयका अधिकारी, स्थानीय तह वा जिल्ला समन्वय समितिका पदाधिकारी वा अन्य कुनै विषयका विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) यस ऐनमा उल्लेख भएकोमा बाहेक विशेष समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ।

१३. **सूचना पठाउने:** (१) दफा १२ बमोजिम विशेष समिति गठन भएको सात दिनभित्र विशेष समितिले राजनीतिक विवादका सम्बन्धमा छलफल गर्न त्यस्तो

विवादको अर्को पक्षलाई कम्तिमा सात दिनको अवधि तोकी लिखित धारणा प्रस्तुत गर्न सूचना पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएमा विवादको पक्षले विशेष समितिले तोकेको समयावधिभित्र विशेष समिति समक्ष आफ्नो लिखित धारणा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लिखित धारणा प्रस्तुत गर्दा सम्बन्धित पक्षको धारणालाई प्रमाणित वा समर्थन गर्ने अन्य कागजात पनि संलग्न गर्नु पर्नेछ।

१४. **विशेषज्ञ समूह गठन गर्ने:** (१) दफा १३ को उपदफा (२) बमोजिम विवादको पक्षले आफ्नो लिखित धारणा पेश गरेपछि विवादको अध्ययन र विश्लेषण गर्दा विवादमा कुनै कानूनी वा प्राविधिक जटिलता रहेको विषय समावेश भएको र त्यस्तो विषयमा सम्बन्धित विशेषज्ञबाट अध्ययन भई राय प्राप्त भएपछि मात्र विवादको निरुपण हुन विशेष समितिले उपयुक्त देखेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयसँग समन्वय गरी समावेशी सिद्धान्तको आधारमा बढीमा तीन सदस्यीय सम्बन्धित विषयका विशेषज्ञ समूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेषज्ञ समूहमा कुनै राजनैतिक दलमा आबद्ध नभएको विशेषज्ञ मात्र सदस्य बन्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने विशेषज्ञ समूहको कार्यक्षेत्रगत शर्तहरू विशेष समितिले विशेषज्ञ समूह गठन गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ।

१५. **प्रदेश सरकारसँग समन्वय:** विवाद समाधान गर्ने प्रयोजनको लागि विशेष समितिले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा निकाय, सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ।

१६. **जिल्ला समन्वय समितिसँग समन्वय:** (१) विशेष समितिले विवाद समाधानका लागि समन्वय वा सहजीकरण गर्न सम्बन्धित जिल्ला समन्वय समितिको सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि विशेष समितिले विवादको विवरण कागजात सहित सम्बन्धित जिल्ला समन्वय समितिलाई पठाइ सो सम्बन्धमा समन्वय तथा सहजीकरण गर्न वा सो विषयको वास्तविकता बुझी आफ्नो राय सुझाव सहितको प्रतिवेदन पेश गर्न लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित जिल्ला समन्वय समितिले लेखी आए बमोजिम कार्य सम्पादन गरी राय सुझाव सहितको प्रतिवेदन विशेष समिति समक्ष पेश गर्नु पर्नेछ।

१७. **स्थलगत अध्ययनः** (१) विशेष समितिले आफैं वा टोली खटाइ विवादको विषयमा स्थलगत अध्ययन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थलगत अध्ययन भएकोमा विशेष समिति वा टोलीले प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम स्थलगत अध्ययन गर्ने प्रक्रिया र अवधि तथा अन्य कार्यक्षेत्रगत शर्तहरू विशेष समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **वार्ता, छलफल र परामर्श गर्नेः** (१) विशेष समितिले यस ऐन बमोजिम विवाद समाधान गर्न विवादका पक्षहरूसँग आवश्यक वार्ता, छलफल, परामर्श, मेलमिलाप वा सहजीकरण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वार्ता, छलफल, परामर्श र मेलमिलापको माध्यमबाट विवादको समाधान हुन सक्ने भएमा बुँदागत रूपमा समाधानका उपायहरू उल्लेख गरी विशेष समितिले प्रतिवेदन तयार गरी सभामुख समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन सभामुखले निर्णयार्थ सभामा पेश गर्नेछ।

१९. **आवश्यक निर्णय गर्न सक्नेः** (१) दफा १८ बमोजिम वार्ता, छलफल, मेलमिलाप, सहजीकरण वा परामर्शबाट विवाद समाधान हुन सक्ने सम्भावना नभएमा विशेष समितिले विवाद समाधानका उपाय र विवाद समाधानका आधार सहितको सुझावको सिफारिस प्रतिवेदन सभामुख समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन सभामुखले निर्णयको लागि सभामा पेश गर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभामा विधाराधिन रहेको विषयसँग सम्बन्धित विवादमा उपदफा (२) बमोजिम निर्णयको लागि पेश गर्न सकिने छैन।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा सभाले प्रस्ताव पारित गरी उपयुक्त निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिम सभाले गरेको निर्णय अन्तिम हुनेछ ।

२०. **विवाद समाधान गर्ने अवधिः** (१) दफा ११ को उपदफा (२) बमोजिम प्रदेश सभा सचिवालयमा कुनै विवादको सूचना दर्ता भएको नब्बे दिनभित्र त्यस्तो विवाद समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभित्र त्यस्तो विवाद समाधान गर्नु पर्नेछः-

(क) विवादको सूचना दर्ता भएको सात दिनभित्र सभाको अधिवेशन अन्त्य भएमा अर्को अधिवेशन सुरु भएको नब्बे दिनभित्र,

(ख) विवादको सूचना दर्ता भएको सात दिनभन्दा बढी अधिवेशन सञ्चालन भएमा त्यस्तो अधिवेशनको नब्बे दिनभित्र र नब्बे दिनभन्दा कम सञ्चालन भएमा सो अवधि र अर्को अधिवेशन सुरु भएको पछि दिन गणना गरी नब्बे दिनभित्र,

(ग) विवादको सूचना दर्ता हुँदाका बखत सभाको अधिवेशन नभएको भए अधिवेशन सुरु भएको मितिले नब्बे दिनभित्र।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभा सचिवालयमा विवादको सूचना दर्ता भएपछि विवाद समाधान नहुँदै सभाको पदावधि समाप्त भएमा वा सभा विघटन भएमा त्यस्तो सूचना र सोसँग सम्बन्धित प्रस्ताव र कारबाही जुनसुकै अवस्थामा रहेको भए पनि स्वतः निष्क्रिय हुनेछ।

(४) उपदफा (३) बमोजिम पदावधि समाप्त भएमा वा विघटन भएमा त्यसपछि गठन भएको सभाको पहिलो बैठक बसेको पन्ध्र दिनभित्र प्रदेश सभा सचिवालयमा सूचना दिन सकिनेछ।

(५) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषयवस्तुको जटिलता वा काबु बाहिरको अन्य परिस्थिति उत्पन्न भई यस दफा बमोजिमको अवधिमा विवाद समाधान हुन नसक्ने भएमा सभाले प्रस्ताव पारित गरी उपयुक्त समय थप गर्न सक्नेछ र यसरी थपिएको अवधिभित्र त्यस्तो विवादको समाधान गर्नु पर्नेछ।

२१. **निर्णय कार्यान्वयन गर्नु पर्ने:** राजनीतिक विवाद समाधानको लागि दफा १८ वा १९ बमोजिम सभाले गरेको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

२२. **प्रतिकूल असर नपर्ने:** यस परिच्छेद बमोजिम विवाद समाधान भएको कारणले नेपालको संविधानको धारा १३७ बमोजिम संवैधानिक इजलासमा वा प्रचलित कानून बमोजिम अन्य अदालतमा विचाराधीन रहेको विषयमा प्रतिकूल असर पर्ने छैन।

## परिच्छेद-५

## विविध

२३. **प्रदेश र स्थानीय तहबीच सम्पर्क:** प्रदेश सरकारले स्थानीय तहसँग र स्थानीय तहले प्रदेश सरकारसँग सम्पर्क गर्दा प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत् गर्नु पर्नेछ।

२४. **सचिवालयले सहयोग गर्ने:** परिच्छेद-४ बमोजिम विवादका पक्षलाई सूचना पठाउन, विशेषज्ञ समूह गठन गर्न, प्रदेश सरकारसँग समन्वय गर्न, जिल्ला समन्वय समितिसँग समन्वय गर्न तथा परामर्श गर्न तथा विशेष समितिले सम्पादन गर्नु पर्ने अन्य कार्य सम्पादन गर्न प्रदेश सभा सचिवालयले विशेष समितिलाई सहयोग गर्नेछ।

२५. **निर्णय कार्यान्वयनमा सहयोग गर्ने:** (१) कुनै एक स्थानीय तहको कानूनी व्यवस्था, प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा अर्को स्थानीय तहको

सहयोग आवश्यक हुने भएमा प्रदेश सरकारले सहयोगको लागि सम्बन्धित स्थानीय तहलाई र एक स्थानीय तहले अर्को स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोगको लागि एक स्थानीय तहले अर्को स्थानीय तहलाई अनुरोध गरेमा त्यस्तो कानूनी व्यवस्था, निर्णय वा आदेशको कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

२६. **प्रचलित कानून बमोजिम हुनेः** (१) प्रदेश तथा स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्धका सम्बन्धमा संघीय ऐनमा लेखिएका कुरामा सोही ऐन बमोजिम हुनेछ ।

(२) प्रदेश र स्थानीय तहबीचको समन्वय तथा राजनीतिक विवाद निरूपण सम्बन्धमा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः२०७९।०१।०५

आज्ञाले,
शम्भुराज रेग्मी
प्रदेश सरकारको सचिव

**मुद्रकः** गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय ।मूल्य रु २५।-